गाउँसभाको चौथो अधिवेशनमा

अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाद्वारा प्रस्तुत

आ.व.२०८१।०८२ को

# नीति तथा कार्यक्रम

## सुनकोशी गाउँपालिका

सिन्धुपाल्चोक

२०८१ असार १०

CS CamScanner

## खण्ड- २

## आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम

**उपाध्यक्षज्यू,**
**कार्यपालिका सदस्यज्यूहरु,**
**सभाका सदस्यज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु,**

- सुनकोशी गाउँपालिकाको अध्यक्षको हैसियतले गाउँसभाको सम्मानित अधिवेशनलाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।
- यस अवसरमा मुलुकमा नागरिक सर्वोच्चता र लोकतन्त्र स्थापना तथा अग्रगमनको प्राप्तिको लागि इतिहासको विभिन्न काल खण्डमा भएको राजनीतिक आन्दोलन लगायतका संघर्षमा सहभागिता आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात सहीदहरुप्रति हार्दिक श्रद्धाञ्ली अर्पण गर्दछु। साथै यी सङ्घर्षपूर्ण आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोऱ्याई रहनेछ।
- सुनकोशीबासीको घर आँगनको सरकार भएको नाताले सुशासन सहितको आर्थिक सामाजिक विकासमा यथेष्ट ध्यान दिँदै सुन्दर सुनकोशी, समृद्ध सुनकोशी र सुखी सुनकोशीको नारालाई सफल बनाउन यो सरकार दृढ संकल्पित छ।
- गाउँसभाको अधिवेशन मार्फत २०८०/०८१ को लागि स्वीकृत नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धीको समीक्षा गर्दै आगामी आर्थिक बर्ष २०८१/८२ को लागि नीति तथा कार्यक्रम यहाँहरु माझ प्रस्तुत गर्दैछु। विगत बर्षहरुमा झैं निरन्तर घाटामा कार्यान्वयन गर्नु परेको बजेटलाई यस बर्ष भने सजगता अपनाई सो नहुने सुनिश्चत हुने कुरामा विश्वश्त रहेको छु।
- स्थानीय तहको पुनसंरचनासँगै विगत सात बर्षमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि संगठन संरचना तयार गरेको र जनशक्ति प्राप्त गरेको, सेवा प्रवाहको लागि वडा लगायतका भवनहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। स्थानीय सरकारको प्रशासनिक संगठन संरचना अनुरुपका प्राविधिक जनशक्तिको पदपूर्ति र भएका जनशक्तिलाई उत्प्रेरित गरी टिकाइ राख्ने र सेवा प्रवाहको लागि आवश्यक गाउँपालिकाको भवन निर्माण गर्न र थप आवश्यक भवन निर्माणको कार्य अगाडी बढाइनेछ।

### विद्यमान परिवेष

- स्थानीय स्तरमा सरकार सञ्चालनको प्रयास शूरु भएको ७ बर्ष पूरा भइसकेको छ। राजनीतिक रुपमा फरक फरक राजनीतिक मूल्य मान्यता बोकेको दलहरुको सहभागितामा सुनकोशी सरकार गठन भएतापनि हामी सबैको **समृद्ध सुनकोशी** सबैको साझा अभियान भएको हुँदा निर्वाचित हामी सबै जनप्रतिनिधि भावनात्मक रुपले एक भई समन्वयात्मक ढंगले काम कारबाही अगाडी बढाइरहेका छौं।

५/५/९

**टपिन्द्र प्रसाद तिमल्सिना**
**गा.पा. अध्यक्ष**

- विगतमा जस्तै चालु आर्थिक बर्षमा पनि संघीय सरकारबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदान निकासा कम भएका हुँदा गाउँपालिकाले विनियोजन गरेको बजेट प्रभावित हुन पुगेको छ । त्यस्तै गाउँपालिकाको आम्दानीको श्रोतको रुपमा रहेको ढुङ्गा, गिटी र बालुवाको विक्री शुल्बाट प्राप्त हुने राजस्व समेत ठेक्का लाग्न नसक्दा आन्तरिक राजस्व गुम्न पुगेको छ । यसरी अनुमान गरिएको राजस्व प्राप्त नभएको कारण सम्झौता भई सम्पन्न योजना तथा कार्यक्रमहरुको दायित्व आगामी बर्ष सर्ने निश्चितप्राय भएकोले आगामी बर्षको लागि गरिने बजेट बाँडफाँट समेत प्रभावित हुन पुग्नेमा यथार्थपरक बनाउने पहल गरिनेछ ।
- सेवा प्रवाहको लागि संगठन संरचना तयार भइसकेको र सो बमोजिम जनशक्ति पदपूर्ति भइसकेको अवस्था छ भने वडा/सेवा केन्द्रगत रुपमा सेवा प्रवाहको लागि समेत वडा कार्यालयहरुको निर्माण सम्पन्न भएता पनि केही वडामा सेवा प्रवाह सम्बद्ध कार्य साँघुरोसँग सञ्चलन गर्न परिरहेको अवस्था रहेको छ । संगठन संरचना अनुरुपका जनशक्ति विशेष गरी प्राविधिक जनशक्तिलाई उत्प्रेरित गरी टिकाइराख्न जरुरी छ । गाउँपालिकाको केन्द्र तोक्ने सम्बन्धमा रहेको द्विविधा सम्बन्धमा विभिन्न चरणमा छलफल तथा वहसहरु भएका हुँदा कानूनले तोके बमोजिम गाउँसभाको अधिवेशनबाट गाउँपालिका केन्द्र निर्धारण गरी आफ्नै प्रशासनिक भवन बनाउने प्रकृया थालनी गरिनेछ ।

## विकास समृद्धि र लक्ष्य प्राप्तिका लागि गरिएका प्रयास, अवसर र चुनौति

- विशेष गरी पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै सामाजिक विकास तथा आर्थिक विकासमा समेत श्रोत साधनको परिचालन गर्दै आएको यस गाउँपालिकाले सबै क्षेत्रको सन्तुलित विकासमा ध्यान दिएको छ । सबै वडामा सडक पहुँच पुगिसकेको, सबै वडामा वडा कार्यालय भवन निर्माण भइसकेका, गाउँपालिका केन्द्रबाट वडा कार्यालयसम्म सर्वयाम सडक निर्माण भएका छन् ।
- संघीय राजधानी काठमाडौबाट ७६ किलोमिटर टाढा अर्थात करिब २ घण्टाको दुरीमा हालको गाउँपालिकाको केन्द्र रहेको र यस गाउँपालिकाका वडा नं. ६ र ७ हुँदै पुष्पलाल मार्ग गएको छ । जसका कारण राजधानी लगायतका स्थानमा स्थानीयवासीहरु तथा स्थानीय उत्पादन लगायतको सहज पहुँच रहेको छ । गाउँपालिका सीमा भएर बग्ने सुनकोशी नदीबाट प्राप्त हुने ढुङ्गा गिटी बालुवा/लगायतबाट संकलन हुने बिक्री शुल्क तथा नदीमा विभिन्न क्रियाकलाप सञ्चालन गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ । यस क्षेत्रमा रहेका जंगल, जनशक्ति तथा मित्रराष्ट्र चीनसँग जोडिने राजमार्ग समेत गाउँपालिकाका सम्भावनाका रुपमा रहेका छन् ।
- बसाईँसराईँ मार्फत् घट्दो जनसंख्या, नदी किनारासँगै रहेको भिरालो धरातलीय स्वरुप तथा यसबाट निम्तन सक्ने प्राकृतिक विपद जोखिम, आन्तरिक श्रोतको रुपमा रहेको ढुङ्गा, गिटी, बालुवाको विक्री शुल्कमा ठेक्का नलाग्नु, संघ तथा प्रदेशबाट तोकिएको वित्तीय समानीकरण लगायतका रकम गाउँपालिकालाई आर्थिक बर्षको अन्तमा प्राप्त हुन नसक्नु गाउँपालिकाका चुनौतिका रुपमा रहेका छन् ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

नेपालको संविधान, २०७२ को अनुसूचि-८ मा भएको एकल अधिकारको सूचि लगायतका धाराहरुमा रहेका स्थानीय तहलाई तोकिएको जिम्मेवारी तथा दायित्व, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेका प्रावधानहरु, सोहौँ योजनाले परिलक्षित गरेका प्राथमिकताहरु, संघीय तथा प्रदेश सरकारको प्राथमिकता तथा मार्गदर्शन, वागमती प्रदेशको पहिलो आवधिक योजना, दीगो विकास लक्ष्यले परिलक्षित गरेका विश्वव्यापी लक्ष्यहरु, स्थानीय तहका योजना तर्जुमा दिग्दर्शन, विभिन्न व्यक्ति तथा संघसंस्थाबाट प्राप्त सुझावहरुलाई प्रमुख आधारको रुपमा लिइएको छ।

**गाउँ सभाका सदस्यज्यूहरु !**

अब म विगत तथा चालू आर्थिक ब्रर्षमा लिइएका नीतिका आधार तथा यस अवधिमा विभिन्न व्यक्तित्व तथा क्षेत्रबाट प्राप्त सुझाव तथा पृष्टपोषणको माध्यमबाट सुखी, समृद्ध र सुन्दर सुनकोशी निर्माणका लागि ठोस योगदान पुर्याउने प्रावधानलाई निरन्तरता दिँदै तथा थप प्रावधानको व्यवस्था गरी यो नीति तथा कार्यक्रम यस सम्मानित सभाको अधिवेशनमा पेश गर्नु चाहन्छु।

**१. आर्थिक विकास:**

**१.१ कृषि तथा पशुपन्छी विकास:**

☞ कृषि पेशाबाट समृद्धि सम्भव छ भन्ने मान्यताका आधारमा गाउँपालिकाको सबै वडामा सञ्चालन हुने गरी सुनकोशी गाउँपालिकाले संघीय सरकारसँगको सहकार्यमा "कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्धमसिलता कार्यक्रम" चालू आर्थिक वर्षदेखि सञ्चालन गरी गाउँपालिकाका २०० भन्दा बढी कृषकलाई मिनिट्रलर, १०० भन्दा बढी कृषकलाई गाई, भैंसी तथा बाख्रा तथा करिब १०० कृषकलाई बर्षे फलफूलका विरुवा खरिद गर्न ८० देखि प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको थियो। यस वर्ष पनि उक्त कार्यक्रमलाई प्राथामिकतामा राखी थप कृषकहरुलाई यस्तै प्रकारका अनुदान र विगतमा अनुदानमा लिएको कृषकहरुलाई थप टेवा मिल्ने कार्यक्रम सञ्चालन गर्न गरी निरन्तरता दिएको छु।

☞ कृषक तथा गाउँपालिकाबीचको साझेदारीबाट गाई, भैंसी तथा बाख्रा पालनमा चालू आर्थिक बर्षमा भएको र आगामी बर्षमा गरिने थप लगानीको प्रतफलस्वरुप गाउँपालिका दुधमा आत्मनिर्भर भई निर्यात गर्न सक्ने अवस्था रहेको हुँदा सो को पक्षपोषणको लागि बाँझो जमिनमा घाँस खेति गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै दुधलाई बजार पहुँच बढाउन तथा व्यवस्थित रुपमा संकलनको लागि दुग्ध संकलन केन्द्रको स्थापना तथा स्तरोन्नतीमा थप टेवा पुर्याईनेछ।

☞ "खेतबारीमा प्राविधिक सेवा कृषि उत्पादनमा टेवा" भन्ने नारा सहित कृषि र पशु सम्बद्ध सेवाहरु साविकमा गाउँपालिका केन्द्रबाट नै सञ्चालित रहेकोमा चालू आर्थिक बर्षमा वडा न.१ र ५ मा रहेको कृषि तथा पशु सेवा थप गरिएको र सो लाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भौतिक सामग्री व्यवस्था गरिनेछ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

- संघीय सरकारसँगको सहकार्यमा किसानको अभिलेख व्यवस्थित गर्न किसान सूचिकरण कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- किसानले पालेका पशुवस्तुको सुरक्षा तथा सम्भावित जोखिमललाई मध्येनजर गर्दै चालू आर्थिक बर्षमा गाउँपालिकाको अनुदानमा किसानले खरिद गरेको पशुवस्तुको वीमालाई निरन्तरता दिईनेछ।
- प्रदेश सरकारसँगको सहकार्यमा प्याज प्रबर्द्धन कार्यक्रम र गाउपालिकाका सबै वडामा उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- विविध भौगोलिक स्वरुप तथा विविध हावापानी भएको गाउँपालिका भएकोले यहाँको कृषि उत्पादनमा समेत विविधता रहेको अवस्थालाई मध्येनजर गर्दै जलवायु अनुकूलित स्थानीय बीउहरुको संरक्षण समेत गर्न कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम, चालू आर्थिक बर्षमा जस्तै आगामी आर्थिक बर्षमा समेत निरन्तरता दिइनेछ।
- "बारी बाँझो नराखौं, माटोले मागेको रोपौं" भन्ने अभियान अन्तर्गत कृषकलाई माटोको विशेषता, गुणस्तर तथा हावापानी अनुकूल खेती गर्न मल, बीउ, प्राविधिक सेवा उपलब्ध गराइनेछ।
- गाउँपालिकाभित्रका किसानले उत्पादन गरेका कृषि उपज सजिलै बजारमा पहुँच पुऱ्याउन गत वर्ष सुनकोशी गाउँपालिका– १ र २ मा तरकारी संकलन केन्द्र निर्माणको सुरुवात गरिएको छ। यसलाई क्रमश अन्य वडाहरुमा समेत विस्तार तथा निर्माण गर्ने नीति लिइनेछ।
- कृषि, वन, वातावरण लगायतका नियकायसँगको साझेदारीमा बहुउद्देश्यीय नर्सरी स्थापना र व्यवस्थापन गर्नको लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा पहल गरिनेछ।
- एक गाउँ एक उत्पादनको अवधारणा अनुसारको कृषि उत्पादनको पकेट क्षेत्र निर्धारण गरी सो बमोजिम कृषकहरुलाई सहयोग उपलब्ध गराई व्यवसायिक बनाउने नीति लिइनेछ।
- यस क्षेत्रमा सबैभन्दा बढी उत्पादन हुने मकै, कोदो, फाफर लगायत स्थानीय उत्पादन थप उत्पादनमा प्रोत्साहन दिंदै बजारमा पहुँच बढाउन प्रोत्साहन गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको अधिकांश भूभागमा कफी उत्पादनको सम्भाव्यता अत्यन्त राम्रो रहेको र कतिपय किसानहरुले कफीको व्यावसायिक उत्पादन गरिरहेको अवस्था विद्यमान रहेको छ। तसर्थ थप किसानलाई यसतर्फ आकर्षित तुल्याई थप उत्पादन, बजारीकरण तथा प्रशोधनमा समेत आवश्यक जोड दिने नीति लिइनेछ।
- पशु सेवा कार्यालय लगायतका पशु सेवा सम्बद्ध संघीय तथा प्रदेशका विभिन्न निकायसँगको समन्यवमा पशुवस्तुको खोप कार्यक्रम तथा कृतिम गर्भाधान कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- हरेक बर्ष पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको कारण पशुपालक कृषकहरुको अधिक रुपमा आर्थिक क्षति हुन नदिनका लागि पशु सेवा शाखाबाट पशुपन्छीको औषधि तथा खोप निःशुल्क वितरणको व्यवस्था मिलाइनेछ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.प्रा. अध्यक्ष

## १.२ उद्योग तथा रोजगारी

- विभिन्न निकायसँगको समन्वयमा यस क्षेत्रको श्रोत र साधनको प्रयोगबाट सञ्चालन गर्न सम्भव हुने गरेर सीपमुलक तालिमको आयोजना गर्दै रोजगारी तथा स्वरोजगारीको आवश्यक पहल गर्नेछ।
- परम्परागत पेशा, व्यवसाय, स्थानीय स्रोत, साधन, सीपमा आधारित घरेलु उधोग, हस्तकला (गलैँचा, थान्का, मुखुण्डो) लाई व्यवस्थित गरिनेछ। स्थानीय कृषि, पशु वस्तु तथा वनजन्य कच्चा पदार्थसँग सम्बन्धित उत्पादनलाई ब्राण्डिङ गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिकास्तरीय औद्योगिक नीति तर्जुमा गरी लागू गरिनेछ। उपयुक्त जगाको व्यवस्थापन सहित गाउँपालिकाक्षेत्र भित्र संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा औद्योगिक ग्राम बनाउन पहल गरिनेछ।
- वेरोजगार युवाहरुलाई रोजगारीसँग जोड्नका लागि Rafting guide, Kayaking guide तथा Paragliding guide जस्ता सीपमूलक तालिम दिने नीति लिइनेछ।
- शिक्षित बेरोजगार व्यक्तिहरुलाई रोजगारी दिलाउन विभिन्न प्रतियोगितात्मक परीक्षाको लागि तयारी कक्षाहरु सञ्चालनार्थ आवश्यक सहयोग उपलब्ध गराउने नीति लिइनेछ।
- रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाई रोजगारी सिर्जनाका विविध क्रियाकलाप जस्तो व्यावसायिक तालिम सञ्चालन, रोजगारदाता र बेरोजगारबीच समन्वय रोजगार सम्बन्धी सूचना प्रवाह लगायत सम्बन्धित निकायबीच समन्वय र सहकार्य गरिनेछ।
- रोजगार रणनीति, २०८१ पारित गर्दै सो मार्फत् तालिमलाई वजार माग बमोजिम बनाउने, गाउँमा उपलब्ध जनशक्तिको अति उत्तम प्रयोग, विदेशबाट फर्केका जनशक्तिको ज्ञान, सीप, अनुभव र पूँजिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने लगायतामा दिर्घकालिन रणनीति लिइनेछ।
- साविकदेखि संघीय सरकारको सहयोगमा सञ्चालनमा रहको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम तथा लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## १.४ सहकारी विकासका क्षेत्र :

- गाउँपालिकामा एक सहकारी सूचना केन्द्रको स्थापना गरिनेछ। उक्त सूचना केन्द्र मार्फत् जनचेतनामूलक कार्यक्रमहरु, उत्पादन, बजारीकरण लगायतका समुदायको आवश्यकता अनुसारका कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याईनेछ।
- सक्रिय तथा निस्क्रिय सहकारी संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गरी निस्क्रिय सहकारीहरूलाई पुनः सक्रिय बनाउन आवश्यक सहयोग, समन्वय तथा पहल गरिनेछ। पहल पश्चात समेत सक्रिय हुन नसकेका सहकारी संस्थाहरुलाई खारेज गर्ने प्रक्रियामा लगिनेछ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- सबै सहकारीहरुको अनिवार्य रुपमा आफ्नो कार्यालय स्थापना गरी सो कार्यालयबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था गर्न प्रोत्साहन तथा पहल गरिनेछ ।
- गाउँपालिकाको नियमनमा रहेका सहकारी संस्थाहरुको अध्ययन गरी कार्य क्षमताका आधारमा दण्ड, जरिवाना र पुरस्कारको व्यवस्था गरिनेछ । सहकारी संस्थाहरुहरुले कानूनले अनिवार्य रुपमा तोकेको अवधिमा साधारण सभा सम्पन्न गर्ने, तोकिएको निकायमा प्रतिवेदन गर्ने, प्रचलित कानूनको परीधिभित्र रही आफ्ना क्रियाकलाप सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ ।
- समान कार्य प्रकृतिका आपसमा एकीकरण हुने सहकारी संस्थाहरुलाई विशेष प्रोत्साहनका दिने नीति लिइनेछ ।
- कृषि तथा पशु विकास सम्बद्ध कार्यक्रम सञ्चालन गर्दा कृषि सहकारी संस्थाहरुको क्रियाशिलता समेतलाई मध्येनजर गरी कार्यक्रम तयारी तथा सञ्चालन गरिनेछ ।
- सहकारी सम्बन्धी कानून, नीति, मापदण्ड, अभ्यास आदिको कार्यान्वयन र आवश्यक सूचना एकै पटक प्राप्त गर्न सहकारी क्षेत्रको सुचना, तथ्यांकहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, नियमन पद्धति स्थापित गर्न तयार गरिएको आधुनिक सूचना प्रणाली COOPOMIS मा आवद्ध गर्न प्रोत्साहित गरिनेछ ।
- सहकारीको विनियममा तोकिएको समय सीमाभित्रमा साधारण सभा र संस्थाको कार्य विवरण बमोजिम सार्वजनिक नगर्ने सहकारीहरुलाई गाउँपालिकाको सहकारी सम्बन्धी कानून बमोजिम खारेजीको प्रकृया अगाडी बढाइनेछ ।

**१.५ पर्यटन विकासः**

- पर्यटन क्षेत्रको विकासलाई मध्येनजर गर्दै अरनिको राजमार्गको बैकल्पिक सडकको रुपमा चेहेरेदेखि बाह्रबिसेसम्म जुरे पहिरोको बैकल्पिक मार्ग समेत हुने गरी सुनकोशी नदीको गाउँपालिकातर्फको किनारै किनार सडक निर्माण गर्नको लागि गाउँपालिकाले गत वर्ष डी.पी.आर .तयार गरेको र वन क्षेत्रको IEE गरेर उक्त सडक निर्माणका लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरी मार्ग निर्माणको सुरुवात गरिने छ । साथै पर्यटन विकासको लागि विभिन्न भू–भागको पहिचान गरी पर्यटनको प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको एक मात्र सामुदायिक होमस्टेको रुपमा रहेको वडा नं. ३ मा रहेको उखुवारी सामुदायिक होमस्टेलाई थप व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक सहयोग गरिनेछ ।
- पर्यटन प्रवद्र्धनको लागि सम्भावना रहेका समुदायमा स्थानीय संस्कृति सहितको होमस्टे सेवा प्रवद्र्धन गर्ने नीति लिइनेछ । होमस्टेमा स्थानीय उत्पादनको प्रदर्शनी, प्रयोग र विक्री वितरणमा प्रोत्साहित गर्ने नीति लिइनेछ ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- राजधानीलगायत देश–विदेशका पाहुना लक्षित गरी सुनकोशी किनारमा सुविधा सम्पन्न रिसोर्ट स्थापना, स्थापित रिसोर्टको प्रवर्द्धन तथा सञ्चालनमा सहजीकरण गरिनेछ। साथै यस्ता रिसोर्टहरुलाई प्रवर्द्धन गर्ने व्यावसाय सम्बन्धित व्यावसायीहरुसँगको परामर्शमा दर्ता तथा नविकरणमा अत्यन्त न्यून मात्र व्यावसाय दर्ता तथा नविकरण शुल्क लिइनेछ।
- गाउँपालिका क्षेत्रभित्र पर्यटन क्षेत्रको दिगो विकासका लागि गाउँ पर्यटन सम्भाव्यत्ता अध्ययन सम्पन्न भइसकेकोले उक्त प्रतिवेदन कार्यन्वयनका लागि पर्यटन बोर्ड लगायतका निकायहरुसँग समन्वय एवम सहकार्य गरिनेछ। आवश्यकताका आधारमा कानूनी व्यवस्थां सहित सुनकोशी पर्यटन बोर्डको गठनको प्रकृया अगाडी बढाइनेछ।
- विभिन्न जातजातिहरुको धर्म, संस्कृति, भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी गाउँ क्षेत्रको ऐतिहासिक मौलिक परिचयलाई संस्थागत गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- प्रदेश सरकारसँग लागत साझेदारी गरी समपुरक बजेट मार्फत १ नं. वडामा पर्या पर्यटन विकासको लागि सितापाइला थमडाँडा पदमार्ग निर्माण गरिनेछ।
- पर्यटन विकासको लागि पाखर खोलामा ड्याम, पाङग्रेटार खेलमैदान, पौडी पोखरी, बसन्तेश्वर महादेव, ६ नम्बर वडाको गोल्मेको पर्यटन प्रवद्र्धन, सुनखानी भोटेयमुना, सुनखानीको जोरभिर सिल्कुको पर्यटकीय सम्भावना र विश्वको पहिलो सामुदायिक ठोकर्पा सामुदायिक वनको पहिचान तथा प्रवद्र्धन एवं सितापाइला, भ्यू–टावर, चमेरे गुफा लगायत पर्यटकको सम्भावना बोकेको क्षेत्रहरुको प्रवर्द्धन र विकासको नीति लिइनेछ।
- गाउँपालिकाका सडकलाई हरियाली तथा आकर्षक बनाई यस क्षेत्रमा पर्यटक भित्र्याउन गाउँपालिका क्षेत्रभित्रका ११ किलो देखि १४ किलोसम्म ज्याकराण्डाको वृक्षारोपणको थालनी गरिनेछ।

## २. पूर्वाधार विंकासः

### २.१ पूर्वाधार निर्माण, सडक तथा यातायातः

- स्थानीय तहको पुनर्संरचनासँगै विगत सात बर्षमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि वडा लगायतका कार्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। गाउँपालिकाको भवन निर्माण गर्न केन्द्र तोक्नको लागि प्रकृया अगाडी बढाई भवन निर्माणको लागि आवश्यक डि.पि.आर. लगायत आई.ई.ई. यसै बर्ष सम्पन्न गरी निर्माणको कार्य थालनी गरिनेछ।
- गाउँपालिका भित्रका महत्वपुर्ण सडकका रुपमा रहेका लप्से काप्सल खोला सडक, खहरेखोला तामाङटोल सडक स्तरोन्नती, विर्तटोल मिजारटोल निङ्ग्रे सडक स्तरोन्नतीको कार्य गर्दा पक्की रुपमा सञ्चालन गर्न सडक ढलान तथा कालोपत्रे बनाउन आवश्यक व्यवस्था गरिनेछ। गाँउपालिका क्षेत्रमा प्राथमिकतामा परी विगत देखी नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुलाई बजेट बिनियोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरी खनिसकेका सडकलाई ग्राबेलिङ गर्ने, सोलिङ गर्ने, नाला खन्ने तथा पर्खाल लगाउने कार्यलाई अगाडि बढाइने छ। खनिसकेका सडकको इन्जिनियरिङ प्रविधिबाट इस्टिमेट गर्न लगाई उपयुक्त देखेमामात्र योजनालाई निरन्तरता दिइनेछ।
- गाउँपालिकास्तरमा सञ्चालन गरिने योजनालाई दिगो तथा नागरिकले गर्व गर्न लायक तुल्याउन समपुरक योजनामा बजेट विनियोजन हुन नसकेका सबै वडामा कम्तीमा ५० लाखका ठूला गाउँपालिकास्तरीय योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- भवनसंहिता र मापदण्डको तर्जुमा, प्रभावकारी कार्यान्वयन र सघन अनुगमन गर्दै घरको नक्सा पास प्रणाली क्रमशः लागू गरिनेछ।
- साहै साना आयोजनामा मात्र विनयोजन प्रवृत्ति निरुत्साहित गर्न विगत बर्षहरुमा जस्तै यस बर्ष पनि वडा तथा गाउँपालिकाबीच साझेदारीको रकम व्यवस्था गरी मध्यम आकारका आयोजना सो बाट १० लाख भन्दा माथिका योजना निर्माणमा प्राथमिकता दिइनेछ।
- पूर्वाधार निर्माण कार्यहरुमा समेत राज्यको नीति बमोजिम सामाजिक समावेशीता, समानता र समताका नीतिलाई अवलम्बन गर्दै लगिनेछ।
- वास्तविक जनसहभागिता र योजनाको दिगोपनको लागि योजना कार्यान्वयन गर्दा उपभोक्ताले गाउँपालिकासँग सम्झौता गरी उपभोक्ता समितिले अन्य कुनै निर्माण व्यवसायीहरु मार्फत् गरेको जानकारी प्राप्त भएमा त्यस्ता योजनाको सम्झौता भंग वैकल्पिक उपायबाट योजना कार्यान्वयन गर्न नीति लिइनेछ।
- चालू आर्थिक बर्षमा जस्तै बढी भन्दा बढी जनसहभागिता जुटाउन र बहु क्षेत्रको लगानी समेटी साझेदारी पुर्वाधार निर्माण कार्यक्रम अन्तर्गत नगद जनसहभागीतामा आधारित आयोजनाहरु तर्जुमा, कार्यान्वयन र सञ्चालनमा जोड दिइनेछ।
- संघीय सरकारका सम्बद्ध निकायसँगको साझेदारीमा गाउँपालिकाभित्र निर्माण सम्पन्न भएका संघीय सरकारबाट आवश्यकता अनुसारको रकम निकासा हुन नसकेका झोलुङ्गेपुलका बाँकी रकम भुक्तानी गर्दै आवश्यकताका आधारमा नयाँ झोलुङ्गेपुल निर्माणको लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुसम्म एम्बुलेन्स पुग्न सक्ने गरेर सडक पहुँच पुर्याइसकिएको र यसलाई स्तरोन्नती सहित दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ।
- गाउँपालिकाको प्रमुख जिम्मेवारीको रुपमा रहेको फोहोरमैला ब्यबस्थापन, ल्याण्डफिल साईट निर्माण तथा संचालन, शीत भण्डार संचालन, पर्यटकीय क्षेत्रको व्यबस्थापन जस्ता कार्यहरुमा सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकाभित्रका मुख्य सडकहरुको डी.पि.आर. तयार गरी संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारी तथा समन्वयमा गरेर स्तोरोन्नति गर्दै लगिनेछ।
- सुनकोशी जलविद्युत केन्द्र र सिन्धुपाल्चोक वितरण केन्द्रसँग समन्वय गरेर गाउँपालिका क्षेत्रभित्र नियमित विद्युत आपुर्ति हुने व्यवस्थाका लागि सहजीकरण गरिनेछ।

८

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- विद्युतीय सुरक्षा तथा निरन्तर आपूर्तिका लागि विद्युतका मोईगो लाईनहरुलाई केबुल तारले विस्थापित गर्न काठको पोलको विस्थापनको लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।

**२.२. बस्ती विकास, सहरी विकास तथा भू उपययोग:**

- भवन निर्माण इजाजत सम्बद्ध कानून, नीति, मापदण्ड कडाइको साथ लागू गरिनुको साथै मापदण्ड तयारी पूर्व निर्माण भएका भवन तथा संरचनाहरुलाई निश्चित तथा सीमित अवधि तोकी अभिलेखीकरण गरिनेछ। भवनसंहिताको पालना मार्फत जोखिमरहित वस्ती विकासमा जोड दिइनेछ।
- संघीय स्रकारले जारी गरेको कानूनमा व्यवस्था भए बमोजिम गाउँपालिकाको भू-उपयोग योजना तयार गरी लागू गरिसकिएको छ। यसलाई गाउँपालिकाको अवस्था तथा मालपोत/नापी कार्यालय समेतको सुझाव लिई आवश्यकता अनुसार परिमार्जन तथा व्यवस्थित गरिनेछ।
- गाउँपालिकाभित्र रहेका सार्वजनिक संस्था क्लब, मठ मन्दिर, गुम्बा, चर्च, ढुंगेधारा, सामुदायिक वन, विद्यालय तथा सिंचाँई आयोजनाहरुलाई अनिवार्य रुपमा सुचिकृत गरी अभिलेख राखिने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका खेतीयोग्य जमिनहरुलाई बाँझो नराखिने र बाँझो जग्गाहरुलाई समुचित रुपमा उपयोग गरी उत्पादन तथा व्यवसायिक रुपमा उपयोग तथा प्रबर्द्धन गर्ने खालको नीति लिइनेछ।
- परम्परागत रुपमा उपयोग गर्दै आएको तर स्वामित्व नभएको जग्गा जमिनको स्वामित्व प्रदान गर्न विशेष पहल गरिनेछ। राष्ट्रिय भूमि आयोगसँग समन्वय र सहकार्य गरी भूमिहीन नागरिकलाई भू–स्वामित्व प्रदान गर्न आवश्यक पहल गरिनेछ।

**२.३. खानेपानी, सिंचाई तथा सरसफाई:**

- कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्धमसिलता कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालनको लागि पानीको स्रोत नभएको ठाँउमा "निर्माण गरौं प्लाष्टिक पोखरी, हुनेछ वर्षाको पानी भकारी" भन्ने अभियान सञ्चालन गरी प्लास्टिक पोखरीको अवधारणा ल्याई कृषि उत्पादनमा आवश्यक सहयोग गरिनेछ।
- खेतीयोग्य जमिनमा सम्भव भएसम्म सिंचाई व्यवस्था गर्न कतिपय स्थानमा सम्भाव्यताको अध्ययन भइसकेकाले र आवश्यकताका आधारमा थप अध्ययन गरिने र अध्ययनको निश्कर्षको आधारमां सम्भावना बोकेको उक्त जग्गाको सिञ्चाइ योजनाको लागि संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा ठूला सिञ्चाई आयोंजना कार्यान्वयन गर्ने र साना सिञ्चाई गाउँपालिका आफ्नै श्रोतमा सञ्चालन गर्ने नीति लिइनेछ।
- गाउँपालिका स्तरमा खानेपानी सम्बद्ध कार्य दिगो तथा भरपर्दो रुपमा एकद्वार प्रणालीबाट तर्जुमा, कार्यान्वयन तथा उचित व्यवस्थापन गर्न खानेपानी बोर्ड गठन गर्नको लागि आवश्यक कानून तर्जुमाको कार्य अगाडी बढाइनेछ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

५।५।८

- परम्परागत खानेपानीका स्रोत र मुहानहरुको संरक्षण गर्दै पुराना एवं जीर्ण अवस्थाका कुवा, पोखरी, धारा तथा ढुङ्गेधाराको आवश्यकता अनुसार मर्मत तथा संरक्षण गरिनेछ।
- प्रदेश सरकारको आर्थिक सहयोगमा खानेपानी तथा सरसफाई प्राविधिकहरुको संलग्नतामा गाउँपालिकास्तरीय खानेपानी तथा सरसफाइ योजना Wash Plan निर्माणको कार्य सम्पन्न भइसकेको छ। यसले गाउँपालिकाभरीका खानेपानीका विद्यमान अवस्था र सबैलाई खानेपानीको पहुँचमा पुर्याउनको लागि आवश्यक गर्नुपर्ने व्यवस्था समेतको सुझाव प्राप्त भई सोही अनुसार प्राथमिकताका साथ खानेपानी र सरसफाईको लागि बजेट व्यवस्था गर्दै लगिनेछ।
- वडा नम्बर १, २ र ३ को बृहत् खानेपानी आयोजनाको कामलाई समयमा नै सम्पन्न गर्नका लागि प्रभावकारी समन्वय भइरहेको र समयमा नै काम सम्पन्न गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ। वडा नम्बर ६ र ७ का खानेपानी योजनालाई प्रभावकारी रुपमा सञ्चालनको लागि यथेष्ट ध्यान दिइनेछ।
- वडा नं. ४ मा एक घर एक धारा निर्माणको लागि श्रोत जुटाउन पहल गरिनुका साथै जिल्ला समन्वय समितिसँगको साझेदारीमा मेलचौर पेन्डिङ पँधेरो निर्माणको कार्य समेत सञ्चालन गरी सम्पन्न गरिनेछ।
- प्रत्येक वडाको सार्वजनिक स्थलमा कम्तीमा एक सार्वजनिक शौचालय, एक प्रतिक्षालय र एकं सार्वजनिक खानेपानी धारा बनाउने नीति लिईनेछ।
- निर्माणाधिन सिंचाई आयोजनालाई प्राथामिकता दिईनुका साथै निर्माण सम्पन्न भईसकेका योजनाहरुको मर्मत संम्भार कार्यलाई उपभोक्ता आफैले गर्ने र सो सम्बन्धी आय-व्यय पारदर्शी बनाउनको लागी उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाईनेछ।

## २.४ विद्युतिकरण:

- विद्युतका नाङ्गो लाईनहरुलाई केबुल तारले विस्थापित गर्नको निम्ति नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने नीति लिईनेछ।
- नेपाल विधुत्त प्राधिकरण लामोसाँघुसँग आवश्यक समन्वय गरी ठोकर्पामा विधुत्त महसुल काउन्टर स्थापनाको लागि समन्वय गरिनेछ।
- २.५ अनुगमन तथा सुपरीवेक्षण:
- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमी हुन दिईने छैन। अनुगमन तथा सुपरिवेक्षण कार्यलाई साप्ताहिक रुपमा वा आवश्यकताको आधारमा तोकिएको दिनहरुमा अनुगमन गर्ने कार्यलाई निरन्तरता प्रदान दिइनेछ।
- गाउँपालिका क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) को मर्म अनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ।

५।५।८

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

- विगतमा झैँ गाउँपालिकाबाट संचालित सबै योजनाहरुको सम्बद्ध अनुगमन समितिबाट अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै गाउँपालिकामा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरुको अनुगमन समितिले अनुगमन गरे पश्चात भुक्तानीको व्यवस्था मिलाईनेछ ।
- योजना कार्यान्वयनमा गुणस्तरीयता सुनिश्चतता गर्दै उत्कृष्ट योजनाहरुको वस्तुनष्ट मूल्याङ्कनको लागि अनुगमन समितिले बर्ष भरी अनुगमन गरी सिफारिस गरेको योजनाहरुमध्येबाट उत्कृष्ट योजना सञ्चालन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।
- हरेक परिवारलाई टोल विकास संस्थामा आबद्ध गराई वडा तथा टोल स्तरमा विकास निर्माण सम्बद्ध योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनमा सक्रिय सहभागिता गराइनेछ ।

## ३. वन वातावरण तथा विपद व्यावस्थापन:

### ३.१ वन, वनस्पति, भू संरक्षण र वातावरण:

- संविधानले मौलिक हकको रुपमा स्थापित गरेको स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गरिसकेको र सो अनुरुप वातावणमैत्री स्थानीय शासन प्रारुप, २०७८ बमोजिम सुन्दर, स्वच्छ र वातावरण मैत्री समाजको सिर्जनाको लागि वातावरण मैत्री स्थानीय तह घोषणाको लागि आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- गाउँपालिकाभित्र हरियाली प्रवर्द्धन गर्न, वृक्षारोपण तथा वन विस्तार एवं वातावरण मैत्री बनाउन जोड दिइनुको साथै सडक किनारा, तथा सार्वजनिक खाली जगामा वृक्षारोपण गर्ने नीति लिइनेछ ।
- वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी महत्वपूर्ण वनस्पति एवं जडीबुटीं तथा फलफुल विकास र विस्तार गरिनेछ । जलवायु अनुकुलन र पर्यावरण संरक्षण कार्यक्रमलाई जोड दिईनेछ ।
- विपद् व्यवस्थापन सम्बद्ध स्थानीय ऐन कानूनको तर्जुमा गर्दै, विपदबाट वास्तविक पीडितलाई राहत तथा पुनस्थापनाको सुनिश्चतता हुने गरी विद्यमान कार्यविधि संशोधनको प्रकृया अगाडी बढाइनेछ ।
- भौगोलिक अवस्थिति तथा यस क्षेत्रमा बारम्बार दोहोरिने बाढी, पहिरो, आगलागी जस्ता विपद्का घटनालाई मध्येनजर गर्दै सम्भावित जोखिमको पूर्व तयारी, राहत तथा प्रतिकार्यको लागि साविक भन्दा नघट्ने गरी विपद् व्यवस्थापन कोषलाई व्यवस्थापन गर्दै सो को अतिउत्तम उपयोग गर्ने नीति लिइनेछ ।
- विपद्का कारण खानेपानी तथा सिञ्चाईको पाइप क्षति भई पाइप वितरण गर्ने गरिएकोमा व्यक्तिगत, समूहगत वा सार्वजनिक उपयोगको आधारमा लागत साझेदारी हुँदै आएकोमा वस्तुनिष्ट रुपमा उपयोग तथा आवश्यकता समेत विश्लेषण गरी वितरणमा यथेष्ट ध्यान दिइनेछ ।
- मनसुनजन्य र आगालागीजन्य विपद्बाट प्रभावित आवासविहिन लाभग्राहीहरुलाई निजहरुको आवासको पुनर्निर्माणको लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग साझेदारी गर्नुपर्ने कानूनी व्यवस्था अनुरुप बर्षभरी जुनसकै समयमा साझेदारी रकम व्यहोर्ने सुनिश्चतता गरिनेछ ।
- स्थानीय तहको प्रमुख कार्य मध्ये एक सार्वजनिक जगाको संरक्षण हो । तसर्थ गाउँपालिका क्षेत्रभित्र रहेका पर्ती र सार्वजनिक जग्गाहरुको लगत संकलन गरी यस्ता जगा संरक्षणार्थ उपयुक्त नीति लिइनेछ ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- सामुदायिक वनक्षेत्रभित्र हिउँदको समयमा सुकेका पत्कर तथा बुट्यानका कारण आगलागी जन्य विपदको सम्भावना तथा सोबाट हुने आयआर्जन समेतलाई मध्येनजर गरी सामुदायिक वन क्षेत्र भित्रका पत्कर संकलन गरी कम्पोष्ट मल तयार गर्ने मेशिनद्धारा कम्पोष्ट मल तयार गर्ने नीति लिइनेछ ।
- सामुदायिक वन उपभोक्ता तथा सोसँग सम्बद्ध समूहहरुसँगको सहकार्यमा सामुदायिक वन क्षेत्रमा नगदे बालीको उत्पादन सुरुवात, वनमा आधारित उद्यमहरुको विकासको लागि आवश्यक साझेदारी, सहकार्य, समन्वय गरिनेछ ।

## ४. सामाजिक विकास:

### ४.१ शिक्षा :

- अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा भएको माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाका सबै विद्यालयले अभिभावकबाट कुनैपनि नाममा शुल्क नलिने व्यवस्था गरी निशुल्क र गुणस्तरिय शिक्षा लागू गर्ने व्यवस्था कडाइका साथ लागू गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा समानुपातिक शिक्षक व्यवस्थापन गरी शिक्षण सिकाईमा प्रभावकारीता बढाउनको लागि विद्यार्थी अनुपात, संचालित कक्षा र पठनपाठन हुने विषयलाई ध्यान दिई शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ ।
- शिक्षकको पेशागत विकासका लागि सामुदायिक विद्यालयहरुमा शिक्षक प्रोफाइल र परिचयपत्रको व्यवस्था गरिनेछ ।
- सुनकोशी गाउँपालिकाका सामुदायिक विद्यालयहरुको सबै प्रथम चौमासिक, दोस्रो चौमासिक र अन्तिम परीक्षा संचालनको लागि विषयगत समिति, परीक्षा समिति बनाई प्रश्नपत्र बैंक, प्रश्नपत्र छपाई र उत्तरपुस्तिका परीक्षणको समुचित व्यवस्थापन गरिनेछ ।
- बाल विकास सहजकर्ताको न्यूनतम योग्यताको एकीन गरी बालविकास केन्द्रको सुदृढिकरण मार्फत वालविकास तर्फ गुणस्तरीय सिकाईमा जोड दिइनेछ ।
- विद्यमान आवधिक सिकाई योजनालाई समय सान्दर्भिक रुपमा अद्यावधिक तथा परिमार्जन गरी प्रभावकारी तथा नतिजामुखी कार्यान्वयनमा लगिनेछ ।
- शिक्षाको मुख्य आधार बाल विकास भएका कारण जगदेखि नै बलियो बनाउनका लागि गाउँपालिकाले गत वर्षदेखि माध्यमिक तहसम्मका सबै विद्यालयहरुमा स्मार्ट कक्षा कोठा व्यवस्थापनको सुरुवात गरिएकोमा क्रमशः माथिल्लो कक्षाहरुमा पनि बिस्तार गर्दै आधारभूत तहसम्म सञ्चालन गर्दै लैजाने नीति अगाडी बढाइनेछ ।
- कोभिड महामारीका कारण बालबालिकाले नियमित रुपमा पाउनुपर्ने शिक्षको हकबाट वञ्चित रहनु परेको अवस्थालाई मध्येनजर गर्दै संघीय सरकारको सहयोगमा विपद्का समयमा सिकाइ निरन्तरताका



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यक्रम र लग बुक प्रणाली सञ्चालन गरिनेछ।

- लामो समयदेखि विद्यालयमा अध्यापन गराइरहनु भएका तर सेवानिवृत्त हुने अवधि नपुगेका शिक्षकहरुलाई निजहरुले सेवानिवृत्त हुन चाहेमा आर्थिक सुविधा प्राप्त हुने गरी कार्यविधि बनाई सेवा निवृत्तिका लागि Golden Handsake नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम तयार गरी गत वर्षदेखि लागु भएको छ। यो वर्ष कक्षा–४ सम्मको स्थानीय पाठ्यपुस्तक समेत तयार भएकाले २०८१ भदौदेखि सबै विद्यालयहरुमा पठन पाठनको व्यवस्था मिलाइनेछ।
- फरक फरक विद्यालयहरुको वस्तुस्थित समेत प्रत्यक्ष अवलकोकन भई सुधारका वास्तविक मार्गचित्र बनाउन सहयोगी हुने यथार्थतालाई हृदयङ्गम गर्दै प्रधानध्यापकहरुको लागि तीन-तीन महिनामा घुम्ती बैठकको आयोजना गरिनेछ। विद्यालयहरुमा क्रमश मासिक रुपमा बैठक बस्ने तालिकालाई कडाइका साथ कार्यन्वयन गरिनेछ।
- गाउँपालिका भित्रका सबै बिद्यालयको नियमित तथा छड्के अनुगमन गरी प्रचलित शिक्षा सम्बन्धी नीति तथा कानून अनुकूल हुने गरी शिक्षक र विद्यार्थीको अनुपातमा दरबान्दी मिलान गर्न सुरुवात गरिएको र यसलाई निरन्तरता दिइनेछ। विद्यार्थी र शिक्षक अनुपात मिलाएर सबै विद्यालयहरुमा दरबन्दी समायोजन समेत गरिनेछ।
- विद्यालयहरुलाई क्रमशः प्रविधि मैत्री बनाउँदै लैजाने नीति अनुरुप गाउँपालिकाभित्रका सबै विद्यालयहरुमा इन्टरनेट जडान भइसकेको छ, त्यस्तै ई-हाजिरी तथा शैक्षिक सूचना व्यवस्थापन प्रणाली EMIS प्रभावकारी तथा अझ विश्वसनीय तुल्याई यसलाई तलब भत्ता भुक्तानी तथा विद्यालयलाई उपलब्ध गराइने अनुदानसँग आवद्ध गराइनेछ।
- गाउँपालिकाको शिक्षा क्षेत्र सुधारका लागि शिक्षकहरुको पेशागत संघ, संगठन, शिक्षक महासंघ लगायत शिक्षा क्षेत्रमा क्रियाशील संघसंस्था, बुद्धिजीविहरुसँगको समन्वयलाई निरन्तरता दिई प्राप्त सुझावका आधारमा शिक्षा समिति लगायतका संयन्त्रहरुमा छलफल गरी सुधारका कार्य अगाडी बढाइनेछ।
- कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालन गर्दा केन्द्र निर्धारण गरेर गाउँपालिकास्तरबाटै परीक्षा लिने र नतिजा सार्वजनिक गर्ने व्यवस्था सुरुवात गरिएको र यसलाई अझै प्रभावकारी रुपमा सञ्चालन गर्दै परीक्षामा ८० प्रतिशत वा सो भन्दा बढी नतिजा ल्याउने विद्यालयहरुलाई विशेष प्रोत्साहनको कार्यक्रम ल्याईनेछ साथै नतिजाको आधारमा माध्यमिक तहका विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- विद्यालयहरुलाई खेलकुद तथा कला संगीतका लागि आवश्यक आधारभूत सामग्रीको व्यवस्था गरी विद्यालयको प्रतिभा पहिचान र प्रष्फुटन कार्यमा प्रोत्साहन गरिनेछ।
- 'विद्यालयमा, विद्यार्थीसँग तरकारी खेती' यो वर्षदेखि पहिलो चरणमा माध्यमिक विद्यालयहरुमा यो कार्यक्रम शुरुवात गरिनेछ। जसबाट उत्पादित तरकारी विद्यालयमा नै दिवा खाजा लगातयमा खपत गरी बजारको सुनिश्चितता गरिनेछ।

टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

☞ लामोसाँघुको बसन्तपुर क्षेत्रलाई जिल्ला स्तरीय खेलग्रामको रुपमा विकास गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिरहेको र केही पूर्वाधारका कामहरु समेत गाउँपालिकाबाट भइरहेकोमा यसलाई निरन्तरता दिइनेछ ।

☞ गाउँपालिकास्तरमा सबै खालका खेलकुद प्रतियोगिता सञ्चालन गर्न गाउँपालिकास्तरीय रंगाशालाको लागि स्थान तय गरी पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि खेलकुद सम्बद्ध खेलाडी तथा व्यक्तित्वको सहभागिता रहने गरी गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन लगायतका कार्यको लागि कार्यविधि निर्माणको शुरुवात गरिनेछ ।

☞ प्रत्येक वडामा वडा स्तरीय लगायतका खेलकुद कार्यक्रम सञ्चालन गर्न वडा तथा टोल तहबाटै खेलकुदका गतिविधि सञ्चालन गरी क्रियाशिलता बढाउन वडास्तरमा खेल मैदान तोकी खेलमैदान निर्माण र भएका साविकका खेलमैदानलाई स्तरोन्नती गर्ने नीति लिइनेछ ।

☞ गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिई उत्कृष्ट हुन सफल खेलाडी तथा जित हासिल गराउन सहयोग पुऱ्याउन प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाइनेछ ।

☞ जिल्लास्तरीय, प्रदेशस्तरीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता जनाउने खेलाडी तथा खेल टिमलाई खेल सामग्री, पोषाक, खेलकुद प्रतियोगितामा भाग लिन आवश्यक सहयोग गर्ने नीति लिंइनेछ ।

**४.२ स्वास्थ्य तर्फः**

☞ गर्भावस्थामा पोषणको महत्वलाई दृष्टिगत गर्दै गर्भवती महिलाहरुलाई पूर्ण पोषण प्राप्तिको लागि अण्डा वितरण कार्यलाई निरन्तरता दिई सबै गर्भवती महिलाहरुलाई ८ पटक गर्भ परीक्षण कार्यमा सहभागी गराइनेछ ।

☞ सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु सरकारी स्वास्थ्य सेवालाई टोल-टोलसम्म पुर्याई स्वास्थ्य क्षेत्रमा बलियो खम्बाको रुपमा उभिँदै आइरहेको यथार्थतालाई मध्येनजर गरी गाउँपालिकाभित्र रहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उच्च मनोवल बढाउन यस अघिबाट दिइँदै आएको मासिक प्रोत्साहन खर्चलाई निरन्तरता दिइनेछ ।

☞ जिरो होम डेलिभरी घरमा सुत्केरी हुने कार्यलाई निरुत्साहित बनाउँदै गर्भवती आमाहरुलाई स्वास्थ्य संस्था तथा वर्थिङ्ग सेन्टरसम्म लैजान लाग्ने एम्बुलेन्स खर्चको व्यवस्था गरिनेछ । 'सुत्केरी आमा र शिशुसँग गाउँपालिका' भन्ने कार्यक्रम मार्फत् स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई लक्षित गरेर विशेष प्याकेज उपलब्ध गराइनेछ ।

☞ सबै स्वास्थ्य चौकीहरुबाट नागरिकलाई प्राप्त हुनुपर्ने स्वास्थ्य सेवा सजिलो एवम् प्रभावकारी रुपमा पाउने व्यवस्थाका लागि संघीय सरकारद्वारा निर्माणाधिन भवन छिटो सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।

५५१८ १४

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner

स्वास्थ्य चौकी स्तरको स्वास्थ्य संस्थाबाट उपलब्ध हुनु पर्ने सेवाको लागि आवश्यक जनशक्तिको व्यवस्था, उपकरण तथा नेपाल सरकारले तोकेको औषधि लगायत स्वास्थ्य सामग्रीको चाहिंदा सँधै पाउने गरी आपूर्तिको व्यवस्था मिलाइनेछ।

- संघीय सरकारसँगको सहकार्यमा मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम सञ्चालन गरिनेछ।
- संघीय सरकारको सहकार्य तथा साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाका लागि स्वास्थ्यकर्मीबाट वडा वडामा घरधुरी सर्वेक्षण, गाउँपालिकाबाट वडा भेरिफिकेसन, अनुगमन तथा प्रमाणीकरणको सुपरिवेक्षण तथा व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- गर्भवती र सुत्केरी महिलाहरुको घरमै पुगेर स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ। गर्भवती महिलाको परीक्षण एवम् सुत्केरी पश्चातको परीक्षण (ANC- PNC) लाई प्रभावकारी बनाइनेछ। यसका लागि सुत्केरी पश्चात गरिने परीक्षण गर्न घरमै चेकजाँच गर्ने व्यवस्था मिलाइनेछ।
- मानिसको आधुनिक जीवन शैलीसँगै आम मानिसमा दिर्घरोगबाट प्रताडित हुनु सामान्य जस्तै भइसकेको अवस्थामा यसको न्यूनिकरण एवम् निराकरणको लागि योग गरौ स्वस्थ्य बनौ भन्ने मान्यतालाई आत्मसाथ गर्दे गाउँपालिकाभर योग शिविरलाई प्राथामिकतामा राखिनेछ।
- समाजबाट कुपोषण हटाउन पोषणमा लगानी गरी कुपोषण रहित समाजको निर्माण गरिनेछ। विद्यालय पोषण कार्यक्रम मार्फत् सबै किशोरीहरुमा रक्तअल्पता हुन दिइने छैन।
- महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षण गरी भविष्य हुने क्यान्सरको खतरालाई कम गरिनेछ।
- गुणस्तरिय स्वास्थ्य सेवाको लागि न्यूनतम सेवा मापदण्डहरुलाई सबै स्वास्थ्य संथाहरुमा नियममित अनुगमन र मूल्याङ्कन गरी सुधारको लागि पृष्टपोषण र आवश्यकताका आधारमा सहयोग र समन्वय गरिनेछ।
- स्वास्थ्य कार्यक्रममा निशुल्क सेवा भावले सहयोग गर्ने संघ संस्थाहरुसँग समन्वय गरी स्वास्थ्य शिविर लगायतका कार्यक्रमहरु संचालन गरिनेछ।

### ४.३ महिला तथा बालबालिका तर्फः

- महिलालाई समाजको मूल प्रवाहमा ल्याउन आवश्यक विभिन्न कार्यक्रम सञ्चलन गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय महिला दिवस तथा महिला हिंसा विरुद्धको १६ दिने अभियानकांको अवसरमा सचेतननामूलक कार्यक्रम संचालन गरिनेछ।
- सम्पत्तिमा महिलाको पहुँच बढाउन आयआर्जन तथा सिपमूलक सम्बद्ध कार्यक्रम संचालन गरिनेछ।
- महिलाको नतृत्वको कमजोर अवस्था रहेको हाम्रो समाजमा महिलाहरुको नेतृत्व विकास विकासलाई महत्व दिंदै नेतृत्व विकास तालिम संचालन गरिनेछ।



टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- ☞ महिलासँग जोडिने गरी परापरागत धर्म, संस्कृतिका तथा कुरीतिका आधारमा महिलामाथि हुने विभेद हुने अवस्था समेत रहेकोले महिलाहरुको लागि सांस्कृतिक विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ☞ बाल विवाह, बहुबिबाह, अनमेल विवाह लगायतका कुरीति विरुद्ध जनचेतना जगाउन चेतनामूलक मूलक सडक नाटक तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- ☞ बालबालिकाहरुको बौद्धिक क्षमताको विकासको लागि चेतनामूलक कार्यक्रमहरु, वाल दिवस लगायत वाल सहभागितामा विभिन्न प्रतियोगिता आयोजना गरिनेछ ।
- ☞ तोकिएको समयावधिभित्र वाल मैत्री स्थानीय शासन भएको गाउँपालिका घोषणा तयारीको लागि लागि वडा, गाउँपालिका र सो विषयसंग सम्बद्ध जनशक्तिहरुलाई परिचालन गरी बालमैत्री स्थानीय तह घोषणाका तयारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ गाउँपालिका क्षेत्र भित्रका बालश्रमिक, विद्यालय वाहिर रहेका बालबालिका, संरक्षण विहिन बालबालिकाहरुको पहिचान गरी उनीहरुको व्यवस्थापनको लागि वडा स्तरवाट तथ्याङ्क संकलन कार्य गर्दै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- ☞ बालबालिकाहरुको स्वास्थ्यलाई मध्ये नजर गर्दै सामुदायिक विद्यालयहरुमा दिवा खाजालाई स्थानीय उत्पादनसँग तादाम्यता कायम गरी स्थानीय उत्पादनको स्थानीय वजार सिर्जना गर्दै दिवा खाजाको गुणस्तरमा आवश्यक सुधारका लागि आवश्यक पहल गरिनेछ ।
- ☞ विद्यालय क्षेत्र आसपासमा पत्रुखाना, (जङ्कफुड), धुम्रपान, मध्यपान लगायतका बालबालिकाहरुको स्वास्थ्यमा प्रत्यक्ष असर पुयाउने खानेकुरालाई निषेध गरिनेछ ।
- ☞ किशोरीहरुको लागि महिनावारी व्यवस्थापन, हिंसा. विभेद, लगायतका अन्य गतिविधिहरुको वारेमा बाल क्लव, बाल सन्जालहरुलाई अनुशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ☞ सचेतना मार्फत लागू औषधको कूलतबाट बालबालिकालाई जोगाउन लागूऔषध सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ☞ साविक गा.वि.स.हरुमा रहेको बाल अक्षय कोषमा रहेको रकमलाई एकिकृत गरी बालमैत्री स्थानीय शासन तथा बालबालिका सम्बद्ध कार्यक्रम सञ्चालन गरिनेछ ।
- ☞ अपाङ्गता भएका व्यक्तिहरुको गाउँपालिका स्तरीय अपाङ्गता संजाल गठन गरी उनीहरुको क्षमता अनुरुपको जीवनोपयोगी सिपमूलक कार्यक्रम आयोजना गर्दै अपाङ्ग समन्वय समिति वैठक तथा परिचय पत्र वितरण कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ ।
- ☞ प्रदेश सरकारसँगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनरुथापना कार्यक्रम CBR संचालन गरिनेछ ।
- ☞ अपाङ्गता भएका व्यक्तिहरुको जिवनलाई सहज वनाउनको लागि अपाङ्गता भएका व्यक्तिहरुको प्रकृति अनुसारको व्यवस्थापनको लागि सहायक सामग्री वितरण, समन्वय, सहकार्यको लागि पहल गरिनेछ ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

**४.५ जेष्ठ नागरिकः**

- जेष्ठ नागरिकको अनुभवलाई समाजको हितमा उपयोगी गर्न जेष्ठ नागरिकहरुलाई सम्मान तथा धार्मिक अवलोकन भ्रमणको कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ।
- जेष्ठ नागरिकको सम्मान, सुरक्षा तथा आवश्यकतालाई मध्येनजर गर्दै जेष्ठ नागरिक आश्रय स्थलहरुको निर्माण कार्यमा जोड दिईनेछ।
- पिछडिएका वर्गहरुको लागि मागमा आधारित स्वरोजगारमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ।
- कला संस्कृति, रीतीरिवाज, दिवस, अभियान जस्ता राष्ट्रिय/अन्तराष्ट्रिय कार्यक्रमहरुलाई निरन्तर रुपमा संचालन गरिनेछ।

**४.६ दलित समुदायः**

- दलित समुदायसँग रहेको परम्परागत सीपलाई व्यबसायीकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका स्तरीय दलित समन्वय सञ्जाल/समिति स्थापना गरी उक्त समितिसँग आवश्यक सहकार्यमा योजना बनाई कार्यान्वयन गरिनेछ।
- आर्थिक रुपले बिपन्न दलित समुदायका बालबालिकालाई छात्रबृत्ति तथा शैक्षिक सामग्रीको सहयोगबाट पठन-पाठनमा प्रोत्साहित गरी कक्षा छाड्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ।
- दलित समन्वय समितिको सकृयतामा सो समुदायको समुत्थानको लागि सुझाव संकलन गरी योजनाबद्ध कार्यान्वयन गर्न जनप्रतिनिधीसँग अन्तरकृया सञ्चालन गरिनेछ।

**४.७ संस्कृति प्रबर्द्धनः**

- समाजमा रहेको सांस्कृतिक विविधतालाई जीवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार, बुद्ध पूर्णिमा, क्रिस्मस, इदउल फित्र, न्वागी आ-आफ्नो सांस्कृतिक चाड पर्व र धार्मिक दिबसहरुमा शुभकाना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- मठ मन्दिर, गुम्बा, चर्च गिर्जाघर, मरणघाट, बिश्राम पाटी, धार्मिक स्मारक, ज़ातिगत गुठी, संग्रहालय जस्ता संरचनालाई भौतिक निर्माण तथा मर्मत कार्यमा यथासक्य सहयोग प्रदान गरिनेछ।
- सबै समुदायको भाषा, कला, साहित्य, सांस्कृतिक आचरणको संरक्षणमा जोड दिइनेछ। प्राथमिक तहसम्म स्थानीय भाषामा अध्ययन अध्यापनमा सहयोग गरिनेछ। धार्मिक पर्यटन, परम्परादेखि चलेको धार्मिक जात्रा, पुरातात्विक महत्वको सम्पदा आदिको संरक्षण गरिनेछ।

**४.८ गैर सरकारी संस्थासँगको समन्वय :**

१७

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

☞ गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह-लगानीमा गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनेछ।

☞ गाउँपालिकामा गैरसरकारी संघ/सस्थाका कार्यक्रमहरुलाई व्यवस्थित र जनमुखी तथा पारदर्शी बनाउनका लागि एक गैरसरकारी संस्था (NGO) डेक्सको स्थापना गरिनेछ।

☞ गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ। साथै गै.स.स.हरुले आफ्नो प्रगति विवरण चौमासिक समीक्षा गरी गाउँ कार्यपालिका बैठकमा छलफल गर्ने नीति लिईनेछ।

### ४.९ सामाजिक समाबेशीकरणका अन्य आयाम

☞ युवांहरुलाई गाउँपालिकाको योजना तर्जुमादेखि कार्यान्वयन तहसम्म अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुने संयन्त्रको विकास गरिनेछ।

☞ युवा मैत्री गाउँपालिका बनाउने प्रयोजनकोलागी राष्ट्रिय युवा परिषदबाट उपलब्ध गराईएको नमुना कानुन योजना प्रकृयामा युवा सहभागीता सम्बन्धि कार्यबिधिमा आवस्यक परिमार्जन गरी जारी गरिनेछ। युवा लक्षित कृयाकलापहरु सञ्चालन गर्दा सोही कानूनको अवधारणा बमोजिम गर्ने प्रयास गरिनेछ।

☞ गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदमा युवा सहभागीता तथा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका बिभिन्न खेलकुद प्रतियोगीताहरुमा समावेश गरिनेछ। गाउँपालिका स्तर लगायत अन्य जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई उचित सम्मान र पुरस्कारको व्यबस्था गरिनेछ। खेलकुदका लागि बिनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरुको व्यबस्थापन र बिभिन्न खेलका स्थानीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

☞ नमुना युवा सांसदको अभ्यास लगायत युवा मैत्री गाउँपालिका बनाउने तर्फका कृयाकलापहरु सञ्चालन गरिनेछ। युवा जागरणका लागि युवा दिवस मनाउने लगायतका कृयाकलाप सञ्चालन गरिनेछ।

☞ गाउँपालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरिकलाई लक्षित गरी गै.स.स. समेतको सहयोगमा लागू पदार्थ दुर्व्यसन नियन्त्रण जस्ता सचेतनामूलक तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा पहल गरिनेछ।

☞ मानब अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स.मार्फत मानव अधिकार संरक्षणका गतिविधिहरु र दिवसिय क्रियाकलापमा साझेदारी गरिनेछ।

☞ लैंगिक समानता तथा सामाजिक सामाजिकीकरण (GESI/लै.स.सा.स.)को पाँच बर्षिय रणनितिक योजना स्वीकृत गरी उक्त रणनितिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाँउपालिका बनाउने कृयाकलाप सञ्चालन गरिनेछ।

☞ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराईएको स्थानीय तहका लागि सामाजिक समावेशीकरण नमूना नीति-२०७८ लाई आवश्यक परिमार्जन सहित परित गरी कार्यान्वयन गरिनेछ।



टपेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

☞ गाउँपालिकामा रहेका द्धन्द पीडित नागरीकलाई राज्यबाट नियमानुसार उपलब्ध सेवा सुबिधाको पहुँचमा आवश्यक सहयोग र समन्वयको पहल गरिनेछ ।

☞ राष्ट्रिय भूमि आयोगको सहयोग र समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको समस्या समाधान गर्न कार्ययोजना बनाइ लागू गरिनेछ ।

☞ घटना दर्ता प्रणालीलाई थप व्यबस्थित बनाई कानुनमा उल्लेखित अवधि भित्रनै घटना दर्ता गर्न अभिप्रेरित गरिने गरी अभियानहरु सञ्चालन गरिनेछ ।

☞ राज्यबाट बिभिन्न लक्षित बर्गलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको बितरण प्रकृया सरल बनाउन एकीकृत सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको गठन गरी सामाजिक सुरक्षा सम्बन्धी सबै कार्यहरुमा सहजीकरण गरिनेछ ।

☞ गाउँपालिकालाई कार्यक्षेत्र बनाई स्वाथ्य, शिक्षा, सीप निर्माण, प्रविधि/पूंजी हस्तान्तरण, जीविको पार्जन, खाद्य सम्प्रभुता, मानव अधिकार, मानब बेचबिखन, महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, सिमान्तकृत, आदिबासी जनजाती, लोपोन्मुख/अल्पसंख्यक, दलित आदि समुदायलाई प्रत्यक्ष सहयोग गर्ने, कृषि/पशुपालन आदिमा सहयोग गर्ने लगायत आफ्ना सामाजिक कृयाकलाप, सचेतना मूलक तथा प्रत्यक्ष जनजीविकाका सवालमा आफ्नै श्रोतबाट कार्यन्वयन गर्ने स्थानीय सामुदायिक तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वय र सहकार्य गरिनेछ । गैर सरकारी संस्थाका कृयाकलापलाई कार्यक्रम कार्यान्वयन पूर्व स्वीकृति लिने र सम्पन्न पश्चात प्रतिवेदन अनिवार्य बुझाउने व्यवस्था गरी पारदर्शिता कायम राख्न प्रेरित गरिनेछ ।

☞ रेडक्रस लगायत गैर नाफामुलक संस्थाहरुको कार्यक्रममा आवश्यक सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकास:**

**५.१ मानव संसाधन विकास**

☞ कर्मचारीहरुको मनोबल उच्च राख्न मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहनलाई निरन्तरताका साथै क्षमता विकास अध्ययन अवलोकन भ्रमण र उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

☞ २५ वर्ष वा सो भन्दा माथि सेवा गरेका कर्मचारीहरुलाई दीर्घसेवा पदक मार्फत सम्मान प्रदान गरिनेछ । यस प्रकारको सम्मान गाउँसभा वा यस्तै प्रकृतिको समारोहमा पुरस्कार तथा प्रमाणपत्र द्वारा सम्बन्धित कर्मचारीलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

☞ गाउँपालिकाले सम्पादन गरेका काम र कर्मचारी तथा जनप्रतिनिधिहरुको आचरण व्यवहार बारे नागरिक मत सर्भेक्षण (एक्जिटपोल)लाई व्यवस्थित गर्दै लगिनेछ । साथै आएका सुझावलाई सम्बद्व निकाय तथा कार्यपालिका र गाउँसभाको अधिवेशनमा पेश गरी छलफल पश्चात आवश्यक सुधारका कार्य अगाडी बढाइनेछ ।

टपिन्द्र प्रसाद तिमल्सिना

☞ तत्कालिन स्थानीय निकायबाट हालको स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको लागि सेवा सुविधा उपलब्ध गराउन कर्मचारी कल्याण कोष रकम वृद्धि गर्दै लगिनेछ ।

☞ सुशासन तथा अनुशासित रुपमा सेवा प्रवाहको लागि स्थानीय तहको कर्मचारी र जनप्रतिनिधिहरुको आचार संहिता बनाई लागु गरिनेछ ।

☞ विषयगत शाखा तथा इकाई एवम् जनशक्तिको काम, कर्तव्य र कार्यविवरण (ToR) निर्माण गरिनेछ । सो को आधारमा कर्मचारीहरुको शाखागत रुपमा कार्यसम्पादन सम्झौता अगाडी बढाइनेछ ।

☞ चौमासिक रुपमा स्थलगत रुपमा बजार अनुगमनको कार्यलाई अनिवार्य गरी कालो बजारी तथा अनावश्यक महंगीको मारबाट नागरिकलाई हुन सक्ने समस्या कमी गर्ने प्रयत्न गरिनेछ ।

## ५.२ सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन:

☞ सूचना प्रविधिको माध्यमवाट विद्युतिय सुशासन कायम गर्न गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयहरुमा सूचना प्रविधिको उपयोग बढाईनेछ ।

☞ सूत्र लगायतका आवश्यक सफ्टवेयरहरुको आवद्धताबाट अनलाईन कर प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

☞ अभिलेख व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रशासन शाखाको मातहातमा रहने गरी अभिलेख शाखा स्थापना गरिनेछ ।

☞ गाउँपालिकाका नीति कार्यक्रम लगायत महत्वपुर्ण सूचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शी तथा नागरिकको सहज पहुँचमा पुर्याईनेछ ।

☞ जिल्ला तथा गाउँपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम., पत्रिका, अनलाईन खबर लगायत माध्यमबाट गाउँपालिकाका गतिविधि सार्वजनिक गरी पारदर्शी गराईनेछ ।

☞ वडासँग कार्यपालिकाको डिजिटल माध्यमबाट सम्पर्क स्थापना गरी सूचना आदनप्रदानलाई सहज बनाइनेछ ।

## ५.३ आन्तरिक स्रोत परिचालन र राजश्व तर्फ:

☞ विज्ञापन कर, ब्यवसाय कर, घर बहाल करलाई ब्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो पार्न यसै वर्षभित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

☞ प्रत्येक वडामा करदाता शिक्षा अभियान सञ्चालन गर्दै कर दायित्व भएकाहरुलाई करको दायरमा ल्याइनेछ । साथैँ, उत्कृष्ट करदातालाई प्रोत्साहन गर्ने पुरस्कृत गर्ने नीति लिईनेछ ।

☞ व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन वडा वडाबाटै नविकरण र दर्ताको शुरुवात गर्ने र घुम्ती दर्ता तथा नविकरण शिविर सञ्चालन गर्ने नीति लिइनेछ ।

टपिन्द्र प्रसाद तिमल्सिना
आ.पा. अध्यक्ष

☞ कर सम्बन्धी अभिलेख व्यवस्थथापन तथा कर उठाउने कार्यलाई सरल, छिटो छरितो तथा व्यवस्थित बनाउन शुत्र (SUTRA) प्रणाली मार्फत सबै वडाहरुबाट अनिवार्य रुपमा कर संकलन गर्ने व्यवस्था लागु गरी प्रभावकारी बनाईनेछ।

☞ गाउँपालिकाको आन्तरिक श्रोतको रुपमा रहने कानून बमोजिमका संकलन गर्न पाइने विभिन्न कर, दस्तुर तथा शुल्कको दर र दायरामा आवश्यक हेरफेर सहित प्रगतिशिल कर नीति बनाइ लागू गर्न गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ।

## ५.४ संगठन तथा सुशासन तर्फ

☞ कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

☞ गाउँपालिकाभित्र सञ्चालित विभिन्न आयोजनाहरुलाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र नागरिक वडापत्र गाउँपालिकाको सबै वडामा अनिवार्य व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

☞ योगदानमा आधारित सामाजिक सुरक्षा नीतिलाई मध्येनजर गर्दै सुनकोशी गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी तथा नीजि क्षेत्रमा कार्यरत कर्मचारी र न्यूनतम ज्यालादारीमा रोजगारी गरिरहेका सम्पूर्ण कर्मचारीहरुलाई अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने नीति लिईनेछ।

☞ उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको ब्यबस्थालाई निरन्तरता दिइनेछ।

☞ सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ।

☞ गाउँपालिकाको हालसम्मको महालेखा परिक्षकबाट औल्याईएका बेरुजुलाई लेखा समिति मार्फत् गाउँसभामा लगी नियमित गर्ने परिपाटी विकास गरिनेछ।

☞ कार्यालय सञ्चालनको लागि आर्थिक स्रोतको अभाव नहुने गरी वडा कार्यालयलाई स्रोत सम्पन्न गरिनेछ।

☞ जिन्सी व्यवस्थापनमा संघीय सरकारको सफ्टवेयर PAMS प्रविष्टिलाई निरन्तरता प्रदान प्रयोग गरिनेछ र PAMS प्रविष्टि विनाको जिन्सी सामानको खरिदमा निरुत्साहित गरिनेछ। साथै तोकिएको समयावधिमै जिन्सी निरीक्षण गरी/गराई प्रतवेदन गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ।

☞ गाउँपालिकाको आर्थिक कारोवारलाई व्यवस्थित, भरपर्दो तथा पारदर्शी बनाउनका लागि विधुत्तिय भुक्तानी प्रकृयालाई निरन्तरता प्रदान गरिनेछ।

☞ स्वीकृत दरवन्दीभन्दा बाहेक अनावश्यक कर्मचारी भर्ना तथा सरुवा भई आउने परिपाटीलाई निरुत्साहित गरिनेछ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत संकेत (Chart of account) को आधारमा सम्पतीको लेखाङ्कन गरिनेछ।
- खर्च भएर जाने तथा खर्च भएर नजाने समानको भण्डारणका लागि उपयुक्त भण्डार कक्ष व्यवस्थापन गरी जिन्सी सामग्री नोक्सान नहुने व्यवस्था गरिनेछ।
- महालेखा नियन्त्रक कार्यालय, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय कोष तथा लेखा नियन्त्रक कार्यालयसँगको समन्वय मार्फत समयमै निकासाको ब्यबस्था मिलाई समयमै भुक्तानी गरी सेवा प्रवाहलाई छिटो -छरितो र नागरिकमैत्री बनाउन आवश्यक पहल गरिनेछ।

**५.५ न्याय सम्पादन तथा व्यवस्थापन :**

- संविधानत स्थानीय तहमा गठित स्थानीय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ।
- दिगो विकासका लागि न्यायमा सवैको पहुंच स्थापित गर्दै, न्यायिक समितिको कामलाई चुस्त दुरुस्त र विश्वसनीय तुल्याउँदै शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्न प्रयत्न गरिनेछ।
- विवादलाई मेलमिलापको माध्यमबाट समाधान खोज्न प्रयत्न गर्दै मेलमिलापकर्ताको थप उत्पादन र क्षमता विकास गरिने छ र वडा मेलमिलाप संयोजकलाई प्रोत्साहन स्वरुप संचार खर्च र सुचिकृत मेलमिलापकर्ताहरुलाई विवाद समाधानको आधारमा प्रोत्साहन खर्च उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- न्याय सम्पादन तथा कानूनको समसामयिक कार्यान्वयनको लागि ऐन नियम तथा कानूनहरु आवश्यकता अनुरुप निमार्ण तथा परिमार्जन गरिनेछ।
- आम नागरिकमा सामाजिक विकृति विरुद्द कानुनी सचेतना तथा सडक नाटक र अन्तर्किया कार्यक्रम सबै वडामा संचालन गरिनेछ।

**५.६. सामाजिक सुरक्षा तथा पञ्जिकरण:**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग मार्फत वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्ता लाई बैंकिङ प्रणाली मार्फत वितरण को नीतिलाई निरन्तरता दिँदै प्रत्येक सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको वायोमेट्रिक भेरिफिकेशन लिई भत्ता प्रणाली वितरणमा पारदर्शी बनाइनेछ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको चरणबद्ध रुपमा Biometric verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गर्ने योजना रहेकोले प्रत्येक वडा र पञ्जीकरण शाखामा १/१ थान Biometric Scanner Device उपलब्ध गराई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

- अशक्त असहाय व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता वितरणको लागि गाउँपालिकाले सम्झौता गरेको बैंकसँग समन्वय गरी पुम्ति शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको नीति लिईनेछ।
- व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ (पैंतिस) दिन भित्र दर्ता गराउनको लागि शिविर सञ्चालन गर्ने नीति लिईनेछ।
- पुम्ती शिविर लगायतका प्रवर्द्धनात्मक कार्यक्रम लगायतका माध्यमबाट व्यक्तिगत घटना दर्ता शत प्रतिशत पुर्याउने नीति लिइनेछ।

धन्यवाद !

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
सुनकोशी गाउँपालिका